## दोस्रो बैठक

आज मिति २०८१।०५।२२ गते शनिबारका दिन भूमिकास्थान नगरपालिकाका नगर प्रमुख श्री भविलाल थापाज्यूको अध्यक्षतामा देहायको उपस्थितिमा नगर कार्यपालिकाको बैठक बसी तपसिल बमोजिम निर्णयहरु गरियो ।

### तपसिल

| सि.नं. | नाम थर | पद | ठेगाना | दस्तखत |
|---|---|---|---|---|
| १. | श्री भविलाल थापा | नगर प्रमुख | भुमिकास्थान नगरपालिका | |
| २. | श्री बालकृष्ण बन्जाडे | नगर उप-प्रमुख | भुमिकास्थान नगरपालिका | |
| ३. | श्री गोपाल प्रसाद खनाल | वडा अध्यक्ष/ नगर कार्यपालिका सदस्य | भु.न.पा, वडा नं. १ | |
| ४. | श्री बुद्धि बहादुर थापा | वडा अध्यक्ष/ नगर कार्यपालिका सदस्य | भु.न.पा, वडा नं. २ | |
| ५. | श्री कृष्ण प्रसाद बन्जाडे | वडा अध्यक्ष/ नगर कार्यपालिका सदस्य | भु.न.पा, वडा नं. ३ | |
| ६. | श्री बाबुराम पन्थी सुनार | वडा अध्यक्ष/ नगर कार्यपालिका सदस्य | भु.न.पा, वडा नं. ४ | |
| ७. | श्री जयगोपाल श्रेष्ठ | वडा अध्यक्ष/ नगर कार्यपालिका सदस्य | भु.न.पा, वडा नं. ५ | |
| ८. | श्री ..प्रेम नारायण बेल्वासे | वडा अध्यक्ष/ नगर कार्यपालिका सदस्य | भु.न.पा, वडा नं. ६ | |
| ९. | श्री रामचन्द्र ढुंगाना | वडा अध्यक्ष/ नगर कार्यपालिका सदस्य | भु.न.पा, वडा नं. ७ | |
| १०. | श्री राजकुमार श्रेष्ठ | वडा अध्यक्ष/ नगर कार्यपालिका सदस्य | भु.न.पा, वडा नं. ८ | |
| ११. | श्री खेमराज चुंदाली | वडा अध्यक्ष/ नगर कार्यपालिका सदस्य | भु.न.पा, वडा नं. ९ | |
| १२. | श्री खगेश्वर पन्थी | वडा अध्यक्ष/ नगर कार्यपालिका सदस्य | भु.न.पा, वडा नं. १० | |
| १३. | श्री खुमा बेल्वासे | नगर कार्यपालिका सदस्य | भुमिकास्थान नगरपालिका | |
| १४. | श्री केशरा परियार | नगर कार्यपालिका सदस्य | भुमिकास्थान नगरपालिका | |
| १५. | श्री तिर्था बेल्वासे | नगर कार्यपालिका सदस्य | भुमिकास्थान नगरपालिका | |
| १६. | श्री ठाकुर सौराग | नगर कार्यपालिका सदस्य | भुमिकास्थान नगरपालिका | |
| १७. | श्री विष्णु वि.क. | नगर कार्यपालिका सदस्य | भुमिकास्थान नगरपालिका | |
| १८. | श्री मान बहादुर सुनार | नगर कार्यपालिका सदस्य | भुमिकास्थान नगरपालिका | |
| १९. | गिता जि.एम. | नगर कार्यपालिका सदस्य | भुमिकास्थान नगरपालिका | |
| २०. | गिर बहादुर नेपाली | नगर कार्यपालिका सदस्य | भुमिकास्थान नगरपालिका | |
| २१. | श्री जग्दिश चन्द्र नेपाली | सदस्य सचिव एवं प्रमुख प्रशासकीय अधिकृत | भुमिकास्थान नगरपालिका | |

CamScanner

अन्य उपस्थिति :

| सि.नं. | नाम थर | पद | ठेगाना | दस्तखत |
|---|---|---|---|---|
| २२. | श्री तुलसीलाल सापकोटा | शिक्षा शाखा प्रमुख | भूमिकास्थान नगरपालिका | |
| २३. | श्री हरिश्चन्द्र भुसाल | कार्यक्रम अधिकृत | भूमिकास्थान नगरपालिका | |
| २४. | श्री सुरेश गैरे | ज. स्वा. नि. | भूमिकास्थान नगरपालिका | |
| २५. | श्री शंकर अधिकारी | लेखा अधिकृत | भूमिकास्थान नगरपालिका | |
| २६. | श्री शेषकान्त घिमिरे | कम्प्युटर, अधिकृत | भूमिकास्थान नगरपालिका | |
| २७. | श्री पुजा [illegible] | लेखा अधिकृत | " " | |
| २८. | श्री [illegible] पोखरेल | लेखापाल | " " | |

प्रस्तावहरु

१. अघिल्लो बैठकको समिक्षा सम्वन्धमा ।
२. शिक्षक सरुवा सम्वन्धमा ।
३. नागरिक बजेट निर्देशिका सम्वन्धमा
४. लेखा समिति कार्य संचालन मानक र आन्तरिक लेखापरीक्षक आचारसंहिता सम्वन्धमा ।
५. प्रारम्भिक वातावरणीय परीक्षण सम्वन्धमा ।
६. राजश्व सुधार कार्ययोजना सम्वन्धमा ।
७. बाँझोजग्गा सम्वन्धमा ।
८. हस्तकलाका सामग्री तयारी तालिमका सहभागी छनौट सम्बन्धमा ।
९. विविध - टोल विकास कार्यविधी, कृषि एम्वुलेन्स कार्यविधी, शिक्षा योजना सम्वन्धी कार्यदल

**निर्णय नं. १ :** प्रस्ताव नं. १ माथि छलफल गर्दा अघिल्लो बैठकमा भएका निर्णयहरुको कार्यान्वयनको सन्दर्भमा व्यापक छलफल भयो र उक्त छलफलबाट अघिल्लो बैठकका निर्णहरुको कार्यान्वयनको अवस्था देहाय बमोजिम भएको पाईयो । ।

- अघिल्लो बैठकमा स्वीकृत भएको नगर दररेटको आधारमा लागत अनुमान तयार गर्ने कार्य प्रारम्भ भै सकेको र हाल सम्म ४ वटा सडकको दरभाउपत्र/बोलपत्र आव्हानको कार्य प्रारम्भ भएको ।
- भूमिकास्थान नगरपालिकाको नवप्रवर्द्धन कार्यक्रम कार्यान्वयनको लागि बाँझोजग्गामा कृषिजन्य वस्तु उत्पादनको लागि बाँझो जग्गा व्यवस्थापन गर्नुपर्ने भएकोले कर्मशील जनशक्ति रोजगार आयआर्जन कार्यविधी, २०८० को अधिनमा रहि बाँझोजग्गा व्यवस्थापनको लागि १५ दिने सूचना प्रकाशन गर्ने निर्णय भए बमोजिम सूचना प्रकाशन भएको र सो सूचना बमोजिम जग्गा प्राप्तिको लागि वडा नं. १० को रातटारी भन्ने स्थानको अवलोकन भएको ।
- भूमिकास्थान नगरपालिकाका विभिन्न क्षेत्रको ढुंगा, गिट्टी, बालुवा लगायतका निर्माण सामग्रीहरु उत्खनन तथा संकलन कार्य को लागि प्रारम्भिक वातावरणीय परीक्षणको कार्य अगाडी बढाउने निर्णय भए बमोजिम सूचना प्रकाशन भै प्रस्ताव पेश भै सकेको र मूल्यांकनको क्रममा रहेको ।
- भूमिकास्थान नगरपालिकाको आर्थिक ऐन २०८१ को अधिनमा रही आय ठेक्काको लागि न्यूनतम मूल्यको आधारमा सूचना प्रकाशन गर्न कार्यलाई निर्देशन दिने निर्णय भए बमोजिम सूचना प्रकाशन भै कवाडी निकासीको लागि दरभाउपत्र पेश भएको र जीवजन्तु, फलफूल तरकारी तथा जडीबुटी लगायतका वस्तुको हकमा एकपटक सूचना प्रकाशन हुदा दरभाउपत्र पेश नभएकोले पुनः सूचना प्रकाशन भएको ।
- आर्थिक वर्ष २०८१/०८२ मा कार्यान्वयन हुने गरी पन्धौ नगरसभाबाट स्वीकृत आयोजना तथा कार्यक्रमको सन्दर्भमा कार्ययोजना स्वीकृत भएको र स्वीकृत कार्ययोजना बमोजिम भाद्र २० गते भित्र उपभोक्ता समिति गठन गरी योजना पुस्तक हस्तान्तरण गर्ने भनिएकोमा उपभोक्ता समिति गठन हुन नसक्दा लागत अनुमानको कार्य समेत प्रभावित भएकोले तत्काल उपभोक्ता समिति गठनको कार्य अगाडी बढाउनु पर्ने ।
- नव प्रवर्द्धन कार्यक्रम संचालित वडाहरुमा वडाबाट अनुगमन गर्ने निर्णय भएकोमा अनुगमनको कार्य प्रारम्भ गर्न थालिएको ।
- नवप्रवर्द्धन कार्यक्रम अन्तर्गतको उद्यमशीलता तालिमको लागि आवश्यक कच्चा पदार्थ मकैको पोस्कर र थाकलको पातको संकलन गर्ने कार्यमा प्रभावकारीता ल्याउन मकै भित्र्याउने समयमै सहभागीहरु छनौट गरी परिचालन गर्ने भनिएकोमा हालसम्म सहभागीहरु छनौट हुन नसकेकोले ५ दिन भित्रमा सहभागी छनौटको कार्य गर्ने ।
- अकबरे खुर्सानीको बिक्री मूल्य तोकीएकोमा सोही बमोजिम हालसम्म ४० के.जि. अकबरे खुर्सानी बिक्री भै सकेको ।

- टोल विकास संस्था र कृषि एम्बुलेन्स सम्बन्धी कार्यविधी तयारीको कार्य अगाडी बढाउने भनिएकोमा दुवै कार्यविधीहरुको मस्यौदा तयारी भै सकेको ।

**निर्णय नं. २ :** प्रस्ताव नं. २ को शिक्षक सरुवा सम्बन्धमा छलफल गर्दा शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयबाट प्राप्त शिक्षक सरुवा सम्बन्धी निर्देशिकामा जिल्ला भित्रबाट मात्र शिक्षक सरुवा हुने व्यवस्था नभएको र हाल नगरपालिका भित्रका माध्यमिक र निम्न माध्यमिक तहका विद्यालयहरुमा अति आवश्यक विषयगत तथा अन्य प्राथमिक तहमा शिक्षक पूर्ती हुन नसक्दा नगर भित्रका विद्यालयहरुमा रिक्त शिक्षक दरबन्दिहरु स्थायी पदपूर्तीका लागि शिक्षक सेवा आयोगमा माग समेत भई सकेको र जिल्लान्तर सरुवा भै आउन नमिल्ने भएकोले शिक्षकको अभावमा पठन पाठनमा समेत समस्या सृजना भएको हुँदा जिल्ला भित्रबाट सम्बन्धित तह र विषयगत शिक्षकहरु सरुवा भई आउनको लागि सूचना प्रकाशन गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरीयो ।

**निर्णय नं. ३ :** प्रस्ताव नं. ३ माथि छलफल गर्दा यस नगरपालिकाको विधायन समितिबाट छलफल भई स्वीकृतिका लागि पेश भएका नागरिक बजेट निर्देशिका २०८१ स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं. ४ : प्रस्ताव नं. ४ माथि छलफल गर्दा भूमिकास्थान नगरपालिकाको लेखा समिति कार्य सचालन मानक २०८१ र आन्तरिक लेखापरीक्षक आचारसंहिता २०८१ स्वीकृत गर्ने निर्णय गरीयो ।

**निर्णय नं. ४ :** प्रस्ताव नं. ४ माथि छलफल गर्दा यस नगरपालिका क्षेत्रभित्रबाट विकास निर्माणका लागि प्रयोग हुने नदीजन्य पदार्थ र निर्माण सामग्रीहरु (ढुङ्गा, गिट्टी, बालुवा, ग्राभेल) को अभाव हुन नदिन कार्यालयबाट प्रकृया सुरु भएको आई.ई.ई. को कार्यलाई समयमै सम्पन्न गर्न पेश भएका प्रस्तावहरुको समयमै मूल्यांकन सम्पन्न गरी छनौट हुने परामर्शदातालाई यथासक्य छिटो आई.ई.ई. को कार्य सम्पन्न गरी प्रतिवेदन प्रस्तुत गर्न ताकेता गर्ने निर्णय गरीयो ।

**निर्णय नं. ५ :** प्रस्ताव नं. ५ माथि छलफल गर्दा तपसिल बमोजिमको राजश्व सुधार कार्ययोजना निर्माण कार्यदल गठन गर्ने निर्णय गरीयो ।

तपसिल

प्रमुख प्रशासकीय अधिकृत - संयोजक
आर्थिक प्रशासन शाखा प्रमुख - सदस्य
योजना शाखा प्रमुख - सदस्य
वडा सचिव १ जना - सदस्य
कार्यदलले तोकेको १ जना विज्ञ - सदस्य
राजश्व शाखा प्रमुख - सदस्य सचिव

**निर्णय नं. ५ क.:** प्रस्ताव नं. ५ माथि छलफल गर्दा भूमिकास्थान नगरपालिकाको राजश्व सुधार कार्ययोजना निर्माण कार्यदलको कार्य सन्चालन कार्यविधि, २०८१ स्वीकृत गर्ने निर्णय गरीयो ।

**निर्णय नं. ६ .:** प्रस्ताव नं. ६ माथि छलफल गर्दा नवप्रवर्द्धन कार्यक्रमको लागि बाँझोजग्गा व्यवस्थापनको लागि सबै वडाले उपयुक्त जग्गाको छनौटको लागि निवेदन संकलन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७ .:** प्रस्ताव नं. ७ माथि छलफल गर्दा हस्तकलाका सामग्री निर्माण गर्ने तालिमको लागि सहभागी छनौटको लागि सबै वडाले ईच्छुक व्यक्ति मध्ये प्रति वडामा ६० जनाका दरले सहभागी छनौट गर्ने निर्णय गरियो ।